# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, असोज ११ गते, २०७९ साल (अतिरिक्ताङ्क २१

# भाग १

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सूचना

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको **“स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (पहिलो संशोधन) अध्यादेश, २०७९”** माननीय प्रदेश प्रमुखबाट मिति २०७९।०६।११ मा जारी भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सम्वत् २०७९ सालको अध्यादेश नं ०१**

# स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (पहिलो संशोधन) अध्यादेश, २०७९

**प्रस्तावनाः** स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (पहिलो संशोधन) अध्यादेश, २०७९" रहेको छ।

(२) यो अध्यादेश तुरून्त प्रारम्भ हुनेछ।

२. स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ को दफा १० मा संशोधनः स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ को दफा १० को उपदफा (४) पछि देहायको उपदफा (४क) र (४ख) थप गरिएको छः-

*"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद् वा अन्य कुनै विशेष कारणले गर्दा उपदफा (२) बमोजिमको समयावधि भित्र कुनै स्वास्थ्य संस्थाले यस ऐन बमोजिम तोकेको पूर्वाधार वा मापदण्ड पुरा गर्न नसकेमा सो को कारण सहित पूर्वाधार वा मापदण्ड पूरा गर्ने समयावधि थप गरी पाउँ भनी मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।*

*(४ख) उपदफा (४क) बमोजिम निवेदन परेमा मन्त्रालयले सो निवेदन सम्बन्धमा आवश्यक छानविन गरी सो अवधिसम्म सम्पन्न भएको कामको प्रगती समेतको आधारमा एक पटकमा एक वर्षमा नबढ्ने गरी*

*बढीमा दुई पटक सम्म पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ।"*

प्रमाणीकरण मितिः २०७९/०६/११

**आज्ञाले**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय